मिति २०७७/८/ २३ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ९४/२०७७ को निर्णयहरू:-

१. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं. ६/१०/३२६-२०७७/८/२२ को "इन्जिनियरिङ्ग सेवाका प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-
"आर्थिक मामिला तथा योजना मन्त्रालयको राय तथा सहमति र थप बजेट सम्बन्धी पत्रमा उल्लेखित प्रावधान र अन्य विषयको हकमा नेपाल सरकारद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३७/३२७-२०७७/८/२२ को "बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६२/३२८-२०७७/८/२२ को "प्रादेशिक आयुर्वेद चिकित्सालय, धनगढीको अस्थायी दरबन्दी स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-
"थप छलफलका लागि मन्त्रिपरिषद्को आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाउने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६३/३२९-२०७७/८/२२ को "कोभिड-१९ रोगको नियन्त्रण, उपचार तथा व्यवस्थापन गर्न रकम व्यवस्थापन प्रस्ताव स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा उल्लेखित रकम रु.१४,९३,२५,१६४।५७ मध्ये मिनि अक्सिजन प्लान्ट स्थापनाका लागि रु. ४ करोड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ६४०, मिति २०७७/३/१२ गतेको रकम निकासा सम्बन्धी पत्रसाथ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई प्राप्त भएको रु. ६ करोड मध्येबाट सामाजिक विकास मन्त्रालयलाई उपलब्ध गराउने र अन्यको हकमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत भएको खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयलाई बजेट विनियोजन गर्ने **सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-**
"खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको च.नं. १५१, मिति २०७७/७/१८ को प्राप्त पत्रानुसार डोटी जिल्लामा पर्ने **राष्ट्रिय निकुञ्जको झिग्राना देखि बीचपानी सम्म जंगल सफारी/वनपथ निर्माण गर्न विस्तृत सर्वेक्षण अध्ययन ( EIA and DPR)** कार्य (अन्दाजी १५ कि.मि.) को लागि आवश्यक वजेट व्यवस्था हुन य स कार्यालयमा लेखि आएकोमा निकुञ्ज कार्यालयबाट तयार पारिएको DETAILED QUANTITY ESTIMATE & ABSTRACT OF COST का आधारमा राष्ट्रिय निकुञ्जको झिग्राना देखि बीचपानी सम्म जंगल सफारी/वनपथ निर्माण गर्न विस्तृत सर्वेक्षण अध्ययन (EIA and DPR) सम्बन्धी कार्यका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयलाई रु. १७,००,०००। (अक्षेरुपी रु. सत्र लाख) उपलब्ध गराउने ।"

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल

२०७७/८/२३
प्रमुख सचिव